
पुस – १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष २३, अङ्क १७ | २०७१, पुस १–१५ | पूर्णाङ्क ५३९



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

मानननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष
माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य
नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय- सदस्य
अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य
वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य
निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल - सदस्य
सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**
डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष | २ |
| संयुक्त | २ |
| इजलास नं. १ | १५ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | ४ |
| इजलास नं. ४ | ४ |
| इजलास नं. ५ | ३ |
| इजलास नं. ६ | १ |
| इजलास नं. ७ | १ |
| एकल इजलास | ६ |
| रीत/बेरीत आदेश | २ |
| अन्तरिम आदेश | १ |
| जम्मा | ४४ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७१, पुस – १, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०—०१—३३३—५५

वा

## इमेल ठेगाना

## cjscomplain@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-२** |
| १. | उत्प्रेषण परमादेश | राजिवप्रसाद गुप्ता रौनियार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २. | उत्प्रेषण परमादेश | सबिन श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **३** |
| ३. | लेनदेन | फुलमतिया चाइनसमेत वि. सुनरपतीया खुलवटिन | |
| **इजलास नं. १** | | | **३-१३** |
| ४. | वैदेशिक रोजगार कसुर | गङ्गाकुमारी सारू वि. नेपाल सरकार | |
| ५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. कन्हैयाप्रसाद चौधरी | |
| ६. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. उत्तम महर्जन | |
| ७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. गुनकेशरी चित्रकार | |
| ८. | राजीनामा लिखत बदर | हरिप्रसाद पाठक वि. सुरेश पाण्डेसमेत | |
| ९. | उत्प्रेषण | सञ्जयकुमार गामी वि. कृषि तथा सहकारी मन्त्रालयसमेत | |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. परेग कामी | |
| ११. | परमादेश | बिजयकुमार झुनझुनवाला वि. नेपाल विद्युत प्राधिकरण, जनकपुर वितरण केन्द्रसमेत | |
| १२. | निषेधाज्ञा परमादेश | रूद्रनारायण चौधरीसमेत वि. बैजु चौधरी | |
| १३. | उत्प्रेषण परमादेश | पदमप्रसाद डाँगी वि. उदयपुर सिमेन्ट उद्योग लिमिटेडसमेत | |
| १४. | निषेधाज्ञा परमादेश | राजेन्द्र कानूसमेत वि. मारूती नन्दन रोलिङ मिल्स प्रा.लि.समेत | |
| १५. | परमादेश | भद्रकला एडी वि. वीरेन्द्रनगर नगरपालिका कार्यालय, सुर्खेतसमेत | |
| १६. | निषेधाज्ञा | शेष अब्दुल तौआबसमेत वि. जिल्ला प्रशासन कार्यालय, रौतहट गौरसमेत | |

| | | |
|---|---|---|
| १७. | उत्प्रेषण | पवित्रा घिमिरेसमेत वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत |
| १८. | कुटपीट | सुरेन्द्र महतो धानुक वि. शशिमण्डल महतोसमेत |
| **इजलास नं. २** | | **१३-१५** |
| १९. | रकम दिलाइ भराइ पाऊँ (लेनदेन) | शेखबहादुर प्रधान वि. रोशनकुमार धौभडेल |
| २०. | नापी फिल्डबुक कैफियत बदरसमेत बदर दर्ता | सीतादेवी मगर वि. जिल्ला कारागार शाखा पर्सा, वीरगन्ज |
| **इजलास नं. ३** | | **१५-१८** |
| २१. | करार बमोजिम रकम दिलाइपाऊँ | चित्रबहादुर कार्की वि. मनिराम अग्रवाल |
| २२. | उत्प्रेषण प्रतिषेध परमादेश | बुद्धिप्रसाद आचार्य वि. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत |
| २३. | उत्प्रेषण परमादेश | रत्नलक्ष्मी राई वि. कमला राईसमेत |
| २४. | जाली राहदानी | नेपाल सरकार वि. सन्तराज गुरूङ |
| **इजलास नं. ४** | | **१८-२०** |
| २५. | लिखत दर्ता बदर, दर्ता कायम | कन्नी थरूनी वि. रन्जु चौधरी |
| २६. | बन्दी प्रत्यक्षीकरण | मोतीलाल पोखरेल वि. जिल्ला सरकारी वकिल कार्यालय, पाल्पासमेत |
| २७. | हातहतियार खरखजाना | प्रभातकुमार कुसवाहा वि. नेपाल सरकार |
| **इजलास नं. ५** | | **२०-२२** |
| २८. | अंश चलन | श्रीमती इन्द्रकुमारी श्रेष्ठ वि. ज्योति श्रेष्ठ |
| २९. | नाता कायम | बद्रीप्रसाद प्रसाई वि. राधिका माझी |
| ३०. | बाली भराई मोही निष्काशन | कृष्णमाया प्रधान नौला वि. लक्ष्मीमाया नौला |
| **इजलास नं. ६** | | **२२-२३** |
| ३१. | लेनदेन | रामचन्द्र यादव वि. रामदेव यादव |
| **इजलास नं. ७** | | **२४** |
| ३२. | रैतान बदर तैनाथी कायम | गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजारसमेत वि. शान्ति चित्रकारसमेत |
| **एकल इजलास** | | **२४-२७** |
| ३३. | उत्प्रेषण | रामकृष्ण भन्ने प्रेम श्रेष्ठ वि. जगतगोविन्द श्रेष्ठ |

| | | | |
|---|---|---|---|
| ३४. | उत्प्रेषण | गोपीराम बन्जारा वि. जिल्ला प्रहरी कार्यालय, मकवानपुर हेटौंडासमेत | |
| ३५. | उत्प्रेषण | गीता चौधरी वि. सुनिल थापासमेत | |
| ३६. | उत्प्रेषण | भीमादेवी गिरी वि. सिर्जना गिरीसमेत | |
| ३७. | उत्प्रेषण परमादेश | शुभा राई वि अयुद्धबहादुर राईसमेत | |

| | | | |
|---|---|---|---|
| **रीत/बेरीत आदेश** | | | **२७-२८** |
| ३८. | बैङ्किङ कसुर | हरिबाबु जोशीसमेत वि. नेपाल सरकार | |
| ३९. | बैङ्किङ कसुर | खुमबहादुर हिरासिंह राणाक्षेत्री वि. नेपाल सरकार | |
| **अन्तरिम आदेश** | | | **२८** |
| ४०. | उत्प्रेषण परमादेश | मुलुक चन्द राजवंशी वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत | |

**सर्वोच्च अदालतका नियमित प्रकाशनहरू**

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजिर संग्रह, २०६३
- विषयगत नजिर संग्रह, २०६६
- विषयगत नजिर सारसङ्क्षेप सङ्कलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

    भाग १ : संवैधानिक कानून
    भाग २ : सार्वजनिक सरोकार
    भाग ३ : मानव अधिकार तथा लैङ्गिक न्याय
    भाग ४ : देवानी कानूनः सम्पत्ति
    भाग ५ : देवानी कानूनः पारिवारिक
    भाग ६ : फौजदारी कानूनः सरकारवादी
    भाग ७ : फौजदारी कानूनः दुनियावादी
    भाग ८ : कार्यविधि कानूनः देवानी
    भाग ९ : कार्यविधि कानूनः फौजदारी
    भाग १० : उद्योग, वाणिज्य र कर
    भाग ११ : राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको तेस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)

    - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
    - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
    - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
    - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
    - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)

- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फुलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WS-००३१, उत्प्रेषण/परमादेश, *राजिवप्रसाद गुप्ता रौनियार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले अन्तर्वार्ताको प्रक्रियागत त्रूटि वा अन्य कुनै कानूनी त्रूटि (Error of Law) को विवाद देखाउन सकेको पाइँदैन । केवल सूचना बदर गर्न माग गर्ने र सूचना बदर नभएमा कानून नै बदरको माग गरी जुन उपायबाट हुन्छ त्यसैबाट आफूले दोहोरो लाभ लिई लाभान्वित हुन खोजेको देखियो । यस्तो अवस्थामा सिद्धान्तत: दोहोरो लाभ कानूनबमोजिम ग्राह्य हुन सक्तैन भने सूचनामा प्राधिकरणमा दूरसञ्चार सेवासँग सम्बन्धित भन्ने वाक्यांश उल्लेख नहुँदा सूचना नै गैरकानूनी हुने नदेखिँदा मिति २०६९।५।१६ मा अध्यक्ष पदको लागि प्रकाशित सूचना पनि कानूनबमोजिमकै देखिँदा बदर गर्न मिल्ने नदेखिने ।

दूरसञ्चार ऐन, २०५३ को दफा ५(१) मा तोकिएको योग्यतामध्ये प्राविधिक र प्रशासनिक भनी तोकिएको योग्यता नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३ समेतसँग बाझिएको देखिएन । साथै प्रत्यर्थी सूचना तथा सञ्चार मन्त्रालयबाट दूरसञ्चार प्राधिकरणमा रिक्त रहेको अध्यक्षको पदमा नियुक्त गर्न मिति २०६९।५।१६ मा प्रकाशित सूचनामा प्राधिकरणमा दूरसञ्चार सेवासँग सम्बन्धित भन्ने वाक्यांश उल्लेख नभएको र सदस्य पदमा नियुक्त गर्न मिति २०६९।५।१३ मा प्रकाशन गरेको सूचनामा कानून सदस्य पद भनी सोही क्षेत्रमा सात वर्षको अनुभव हुनुपर्ने गरी सर्त राखी प्रकाशन भएका सूचनाहरू दूरसञ्चार ऐन, २०५३ को दफा ५(१) र ऐ. नियमावली, २०५४ को नियम ३ बमोजिम प्रकाशन भएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७० साल चैत ६ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** ०६९-WS-००३९, उत्प्रेषण/परमादेश, *काठमाडौं जिल्ला, कामनपा वडा नं. ११, थापाथलीस्थित महिला, कानून र विकास मञ्चको तर्फबाट र आफ्नैतर्फबाट अधिवक्ता सबिन श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

स्थानीय पञ्जिकाधिकारीले बालबालिकाको जन्मदर्ता गर्ने सन्दर्भमा सूचकले जुन जन्ममिति फाराममा भरेको छ, त्यसलाई आधार मानी दर्ता गरी जन्मदर्ता प्रमाणपत्र

दिने हुँदा त्यसमा विश्वसनीयता र वैज्ञानिकता हुँदैन। जुन समयमा बालकको उमेरको सम्बन्धमा विवाद आउँछ त्यतिबेला विवाद हेर्ने बाल अदालत वा बाल इजलासले अस्पतालबाट जारी भएको जन्ममिति उल्लेख भएको प्रमाणपत्रलाई उमेर निर्धारणको लागि आधार लिने हो। अस्पतालबाट जारी भएको जन्ममिति खुलेको प्रमाणपत्र नभएमा दोस्रो प्राथमिकतामा रहेको स्थानीय पञ्जिकाधिकारीबाट जारी भएको प्रमाणपत्रकै आधारमा बालबालिकाको उमेरसँग सम्बन्धित विवादको निरूपण हुने हुँदा बालन्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ को खण्ड (क) को अस्पतालबाट जारी गरिएको बालकको प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिलाई पहिलो प्राथिकतामा राख्ने गरी गरेको व्यवस्था जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ९ सँग असङ्गत भई बाझिएको मान्न मिल्ने नदेखिने।

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूची २ को व्यवस्था भेदभावपूर्ण भई नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२(१) तथा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा ६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २४(२), महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि, १९७९ को धारा ९(२) बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ धारा ७(१) सँग र बालन्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५, जन्म; मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ९ सँग असङ्गत भई बाझिएको अवस्था नदेखिँदा विवादमा ल्याइएका संवैधानिक तथा कानूनी व्यवस्थाहरू अमान्य तथा बदर घोषित गरिरहन परेन। निवेदकहरूले बाबु उपस्थित नभएको अवस्थामा आमाको नामबाट तथा नागरिकताविहीन आमाबाबुको सन्तानको हकमा नागरिकता नभएको व्यहोरा उल्लेख गरी सन्तानको जन्मदर्ता गर्ने गराउने व्यवस्था मिलाउनु भन्ने व्यहोराको आदेश जारी गरियोस् भनी माग गरेको सम्बन्धमा हेर्दा जन्मको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले दिन पाउने गरी जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३ र ऐ. नियमावली, २०३४ को अनुसूची २ मा संशोधन भैसकेको र विपक्षी सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वादी समुदायका बालबालिकालगायत बाबुको ठेगान नलागेका सबै बालबालिकाहरूलाई बाबुको ठेगान नभएको भन्ने कारणले निजहरूको जन्मदर्ता गर्न इन्कार नगर्नु भनी मातहत सबै निकायलाई पत्राचार गरिसकेको मिसिलबाट देखिँदा निवेदन मागबमोजिम परमादेशलगायत कुनै पनि आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७० साल फागुन २२ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६६-CI-०३९३, लेनदेन. *फुलमतिया चाइनसमेत वि. सुनरपतीया खुलवटिन*

यस अदालतको आदेशबमोजिम राष्ट्रिय विधिविज्ञान प्रयोगशालाका लिखत जाँच गर्ने विशेषज्ञ मुकुल प्रधानले अदालतमा आई बकपत्र गर्दा लिखतका साक्षी सागर महतोको नमुनाको रूपमा लागेको सहीछाप र लिखतमा लागेको सहीछाप आपसमा भिडेको साथै उक्त लिखत वारिसनामाको व्यहोरामा लेखिएको अवस्था छैन भनी बकपत्र गरेको देखिन्छ । यसरी पुनरावेदकले पुनरावेदन जिकिरमा उठाएको र यस अदालतबाट निस्सा प्रदान हुँदा लिइएको आधारबमोजिम विशेषज्ञले बकपत्र गर्दा लिखतको साक्षी महलमा लागेको प्रतिवादीका पति सागर महतोको सही नमुनाको रूपमा प्राप्त निजको सहीछापसँग मिलेको भिडेको भनी दिएको रायलाई समर्थन हुने गरी यस अदालतसमक्षसमेत बकपत्र गरी दिएबाट लिखतमा प्रतिवादीलाई झुक्याई सही गराएको भन्ने र लिखतको साक्षी सागर महतोको सहीछाप कीर्ते हो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । प्रतिवादीको जिकिरबमोजिम विवादको मिति २०६०।८।३ को लिखत कीर्ते नभई सद्दे नै रहेको ठहर्छ । उल्लिखित विवादको लिखत सद्दे ठहर भएकोमा सो लिखतबमोजिमको रकम बुझाइसकेको भनी प्रतिवादीले जिकिर नै नलिएबाट वादी दावीबमोजिम लिखतबमोजिमको रकम प्रतिवादीले वादीलाई बुझाउनुपर्ने नै देखिन आउँदा वादी दावीबमोजिमको रकम प्रतिवादीले तिरे बुझाएको अवस्था नदेखिँदा वादीले दावीबमोजिमको साँवा ब्याज भरिपाउने ठहर्‍याएको सुरू पर्सा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६५।८।४ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: ममता खनाल

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६६-CR-०२८३, कीर्ते जालसाजी, *फुलमतिया चाइनसमेत वि. सुनरपतीया खुलवटिन* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०७०-CR-०६१८, वैदेशिक रोजगार कसुर, *गङ्गाकुमारी सारू वि. नेपाल सरकार*

प्रतिवादी गङ्गाकुमारी सारू स्वयम्ले

जाहेरवालाहरूले जाहेरीमा उल्लेख गरेको रूपैयाँ आफूसँग प्रेमविवाह गर्ने विष्णु के.सी. ले लिएकोमा स्वीकार गरी जाहेरवालाहरूले आफूसँग सो रकमबमोजिमको लिखत गराई सो लिखतमा मिति २०६८।५।२१ मा गरेको सहीछाप आफ्नै हो भनी स्वीकार गरेको अवस्था हुँदा र सो कागजलाई करकापसँग गराएको भन्ने नदेखिँदा निज प्रतिवादी गङ्गाकुमारी सारूलाई अभियोग दावीबमोजिमको कसुरमा उन्मुक्ति दिन मिल्ने नदेखिँदा प्रतिवादी गङ्गाकुमारी सारूले अभियोग दावीमा उल्लिखित वैदेशिक रोजगार ऐन, २०६४ को दफा १०, ४३ नं. बमोजिमको कसुर गरेको पुष्टि भएकोले वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।८।१९ मा अभियोग दावीबमोजिमको कसुर गरेको ठहऱ्याई प्रतिवादी गङ्गाकुमारी सारूलाई १।६।० (एकवर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार) जरिवाना हुने ठहऱ्याई जाहेरवालाहरूबाट लिएको रकम रू.८,०८,०००।- (आठ लाख आठ हजार) र सोको ५० प्रतिशतले हुने हर्जाना रू.४,०४,०००।- समेत १२,१२०००।- (बाह्र लाख बाह्र हजार) जाहेरवालाले प्रतिवादीबाट भरिपाउने ठहऱ्याएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख ४ गते रोज ५ शुभम्।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** ०७०-CR-०६४९, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. कन्हैयाप्रसाद चौधरी*

जाहेरवालाहरू प्रदीपकुमार गुरूङ, सुनिल थापा, प्रकाश थापा वैदेशिक रोजगार न्यायाधिकरणमा उपस्थित भई बकपत्र गर्दा लिखतमा उल्लेख गरेबमोजिमको सबै रकम प्रतिवादी झपेन्द्र चौधरीलाई बुझाएका हौं । मिति २०६६।११।१८ को संयुक्त लिखत कागज पनि निज झपेन्द्रबाटै गराएका हौं भनी उल्लेख गरेको देखिन्छ । त्यसैगरी प्रतिवादी कन्हैयाप्रसाद चौधरीका साक्षीहरू तिलबहादुर झेडीमगर घनश्याम आलेले जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागि विदेश पठाउने कार्यमा प्रतिवादी कन्हैयाप्रसाद चौधरीको कुनै संलग्नता छैन । बाबुलाई विपक्षी बनाएमा रकम उठाउन सकिन्छ भन्ने उद्देश्यले बाबुसमेतको मिलोमतो छ भनी जाहेरी दिएका हुन् । प्रतिवादीले अभियोग दावीबमोजिमको कुनै कसुर गरेका छैनन् भनी बकपत्र गरेको देखिन्छ । यसरी जाहेरवालाहरू स्वयम्ले अदालतमा बकपत्र गर्ने क्रममा प्रतिवादी कन्हैयाप्रसाद चौधरीको संलग्नता रहेको भनी उल्लेख नगरेको र मिसिल संलग्न रहेका अन्य लिखत प्रमाणसमेतबाट यी प्रतिवादी कन्हैयाप्रसाद चौधरीको मिलोमतो एवम्

संलग्नता रहे भएको पुष्टि हुन नसकेको स्थितिमा निज प्रतिवादीलाई अभियोग दावीबमोजिमको कसुरदार ठहऱ्याउन नमिल्ने हुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख ४ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०७०-CR-०६९८, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. उत्तम महर्जन*

वैदेशिक रोजगारका लागि जर्जिया पठाउन भनी जाहेरवालाहरूबाट यी प्रतिवादी उत्तम महर्जनले कुनै रकम लिएको भन्ने लिखत वादीपक्षबाट पेस हुन नसकी केवल जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागि जर्जिया पठाउन भनी जाहेरवाला र मित्रलाल गुरूङबीच तयार गरिएको भनिएको रू.८,३७,०००।- को लिखतमा यी प्रतिवादी उत्तम महर्जन साक्षी बसी निज मित्रलाल गुरूङलाई फेला पारेपछि रू.२,००,०००।- फिर्ता गर्नेगरी तयार भएको लिखतको आधारबाट यी प्रतिवादी उत्तम महर्जनलाई दोषी ठहऱ्याउन मिल्ने अवस्था नहुने ।

प्रतिवादी मौकामा एवम् वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष कसुर गरेमा इन्कार रही बयान गरेको एवम् जाहेरीसाथ पेस गरेको लिखतमा यी प्रतिवादीले कुनै रकम लिएको पुष्टि हुन नसकेको अवस्थामा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।११।२२ मा यी प्रतिवादीउपरको अभियोग दावी पुग्न नसकी निजले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: बेदना अधिकारी

इति संवत् २०७१ साल वैशाख ४ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०७०-CR-०७०९, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. गुनकेशरी चित्रकार*

फौजदारी मुद्दामा वादीको दावी प्रमाणित गर्ने भार वादी स्वयम्मा हुने व्यहोरा प्रमाण ऐन, २०३१ को दफा २५ ले व्यवस्था गरेको पाइन्छ । कानूनबमोजिम कुनै पनि अभियुक्तलाई दोषी प्रमाणित गर्न वादी स्वयम्ले प्रमाण जुटाई शङ्कारहित तवतबाट पुष्टी हुनुपर्ने फौजदारी न्यायको सिद्धान्त रहेको छ । प्रमाणमा जहाँ शङ्काको स्थिति उत्पन्न हुन्छ, त्यहाँ शङ्काको सुविधा अभियुक्तले पाउँछ । प्रस्तुत मुद्दामा जाहेरवालालाई प्रतिवादीले वैदेशिक रोजगारका सम्बन्धमा गरिदिएको भनेको मिति २०६७।८।१६ को सक्कल लिखत नै वादी पक्षबाट पेस हुन सकेको पाइँदैन । जाहेरवालाबाट प्रतिवादीले रकम लिएको भनेको मिति र जाहेरीसाथ पेस

गरेको लिखतको प्रतिलिपिमा उल्लिखित मिति एवम् जाहेरवाला स्वयम्ले वैदेशिक रोजगार न्यायाधिकरणमा गरेको बकपत्र एकआपसमा बाझिन गई शङ्कारहित तवरबाट वादी दावी प्रमाणित हुन नसकेको अवस्थामा अभियोग दावीबमोजिम प्रतिवादीलाई सजाय गरी बिगो र हर्जानासमेत प्रतिवादीबाट जाहेरवालालाई भराउन मिल्ने अवस्था देखिन नआउँदा वादीले प्रतिवादी सुनकेशरी चित्रकारउपरको अभियोग शङ्कारहित तवरबाट प्रमाणित गर्न सकेको नदेखिँदा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।३।१७ मा प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहर्‍याएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : कमलप्रसाद ज्ञवाली

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०७१ साल वैशाख ४ गते रोज ५ शुभम्।

५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** ०६८-CI-११५८, राजीनामा लिखत बदर, *हरिप्रसाद पाठक वि. सुरेश पाण्डेसमेत*

प्रतिवादी राम पाठक र निजकी श्रीमती एवम् छोरा क्रमश: सन्तोषी पाठक र सुरज पाठक एकासगोलकै ३ अंशियार रहेको र निजहरू सङ्गोलमै रहेको अवस्थामा मिति २०६५।२।३ मा घरको मुख्य व्यक्ति रहेका प्रतिवादी राम पाठकले आफ्ना नाममा रहेको १३-७-०-० जग्गामध्ये ६-६-०-० जग्गा प्रतिवादीमध्येकै सुरेश पाण्डेलाई राजीनामा लिखत गरिदिँदा घर खर्चबापत भनी सो राजीनामा पारित गरिदिएको देखिन्छ। यी प्रतिवादी राम पाठकले उपरोक्त उल्लिखित जग्गाबाट आधाभन्दा कम जग्गा बिक्री गरिदिएको अवस्था देखिँदा मुलुकी ऐन, अंशबन्डाको १९(१) नं. को प्रावधानबमोजिम उक्त राजीनामा गरिदिएको जग्गा आफू खुस गर्नसक्ने अवस्थाको देखिएकोले मिति २०६५।२।३ मा १३-७-०-० बाट ६-६-०-० राजीनामा गरिदिएको जग्गा बदर हुनसक्ने नदेखिँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।७।१ मा वादी दावी पुग्ने ठहर्‍याएको नुवाकोट जिल्ला अदालतको फैसला उल्टी गरी मिति २०६५।२।३ मा पारित राजीनामाको लिखत कानूनअनुरूपकै देखिई लिखत बदर नहुने ठहर्‍याई भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

इति संवत् २०७१ साल वैशाख ४ गते रोज ५ शुभम्।

६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** ०६६-WO-०२००, उत्प्रेषण, *सञ्जयकुमार गामी वि. कृषि तथा सहकारी मन्त्रालयसमेत*

कबुलियतनामाअनुरूपको दायित्व निर्वहन गर्नु यी निवेदकको प्रारम्भिक कर्तव्य भएकोमा प्रत्यर्थी निकायहरूको दोहनमात्र गरी उक्त निकायले प्रदान गरेको अवसरलाई निजीरूपमा मात्रै लाभ लिने र संस्थाको हित विरूद्ध हुने गरी कबुलियतनामाको उल्लङ्घन गरेको अवस्थामा नेपाल कृषि अनुसन्धान परिषद् (कर्मचारी प्रशासन) विनियम, २०४९ को विनियम ४०(२)(क) को अभियोगमा यी रिट निवेदक सञ्जयकुमार गामीलाई भविष्यमा परिषद्को सेवाका लागि अयोग्य नठहरिने गरी मिति २०६२।७।२५ देखि लागू हुने गरी परिषद्को सेवाबाट हटाउने गरी भएको उक्त नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी समितिको मिति २०६५।८।९ को निर्णयमा कुनै त्रूटि देखिन नआउँदा विपक्षी नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी समितिबाट भएको मिति २०६५।८।९ को निर्णय एवम् सो निर्णयका आधारमा भएका पत्रहरूसमेतबाट यी निवेदकको संवैधानिक तथा कानूनी हकमा असर पुर्‍याएको भन्न मिल्ने नदेखिँदा विपक्षी कृषि अनुसन्धान परिषद् कार्यकारी समितिको मिति २०६५।८।९ को निर्णयलगायतका अन्य कामकारवाही उत्प्रेषणको आदेशले बदर गर्न परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद गौतम

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल असार २ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-RC-००७७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. परेग कामी*

प्रतिवादीले बञ्चरो जस्तो धारिलो घातक हतियारले मृतकलाई हानी मारेको कुरामा साबित छन् । पैसा बाँड्ने विषयमा भएको विवादमा फलामको धारिलो बञ्चरोले मानिसको टाउकोमा हान्दा मानसिकरूपमा सामान्य अवस्थामा नै रहेका प्रतिवादीले मानिस मर्नसक्छ भनी विचार गर्न नसकिकन नै बञ्चरो प्रहार गरेको होला भन्न सकिने ठाउँ देखिन्न। मृतकको टाउकोमा बञ्चरोले हानेको कार्यलाई मध्यनजर गर्दा प्रतिवादीले मृतकलाई मार्ने मनसायले नै हानेको भनी मान्नुपर्ने हुन्छ । यस्तो अवस्थामा सुरू मुगु जिल्ला अदालतले प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, जुम्लाको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. को कसुरमा ऐ. को १३(१) नं. बमोजिम पुनरावेदक प्रतिवादी परेग कामीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी सुरू मुगु जिल्ला अदालतबाट मिति २०६९।९।१२ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, जुम्लाबाट मिति २०७०।२।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: बाबुराम सुवेदी

इति संवत् २०७० साल चैत २८ गते रोज ६ शुभम्।

८

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०६७-CI-०७९१, परमादेश, *बिजयकुमार झुनझुनवाला वि. नेपाल विद्युत प्राधिकरण, जनकपुर वितरण केन्द्रसमेत*

यस अदालतबाट भएको निर्णयअनुसार विद्युत प्राधिकरण, जनकपुरको पुनरावेदन समितिले पुनः निर्णय गरेको भन्ने कुरा मिसिलबाट देखिँदैन। उक्त पुनरावेदन समितिसमक्ष पुनरावेदन गर्ने प्रयोजनार्थ रिट निवेदकले राखेको धरौटी रकम पुनरावेदनको अन्तिम टुङ्गो नलाग्दै रिट निवेदकले फिर्ता मागेकै भरमा फिर्ता दिने कुरा पनि आउँदैन । निर्णय गर्न अनुचित विलम्ब गरेतर्फ पुनरावेदकद्वारा सम्बन्धित निकायमा गई आफ्नो मुद्दामा चासो राख्नसक्ने नै हुन्छ। विद्युत प्राधिकरणको पुनरावेदन समितिबाट निर्णय गर्न विलम्ब गरेको कारण पुनरावेदक रिट निवेदकले पुनरावेदन गर्ने प्रयोजनको लागि धरौटी राखेको रकम फिर्ता पाउने आधार हुन नसक्ने भएबाट पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

इजलास अधिकृत: बाबुराम सुवेदी

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम्।

९

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०७०-CI-००१२, निषेधाज्ञा/परमादेश, *रूद्रनारायण चौधरीसमेत वि. बैजु चौधरी*

विवादित जग्गाको साविक जग्गाधनी एकबाल मियाँ रही निजकै पालादेखि मोहीमा प्रत्यर्थी रिट निवेदकका बाबु चतुरनाथ चौधरी रहेको कुरा मिसिल संलग्न मोहियानी हकको प्रमाणपत्रबाट देखिएको छ । त्यस्तै एकबाल मियाँ पछि साविक कि.नं. २२६ को जग्गा विपक्षी रूद्रनारायण चौधरीको नाउँमा कायम भई पछि फेरि उक्त कि.नं. २२६ को जग्गा कित्ताकाट भई विपक्षीहरू रूद्रनारायण चौधरी, सीताकुमारी चौधरी र सीता चौधरीका नाउँमा दर्ता स्रेस्ता कायम रहेको र उक्त तीनवटै कित्ता जग्गामा निजै चतुरनाथ चौधरी मोही कायम रहिरहेको कुरा मिसिल संलग्न विपक्षीहरूको नाउँको जग्गाधनी दर्ता प्रमाण पुर्जाबाट देखिँदा निज चतुरनाथ चौधरी विवादित जग्गाको साविकदेखि नै निरन्तररूपमा मोही कायम रहेको देखिन आउँछ। जग्गाधनी फेरबदल हुँदैमा र साविकदेखि कमाउँदै आएको जग्गा विभिन्न जग्गाधनीका नाउँमा कित्ताकाट हुँदैमा सो भएको कारणले साविकदेखि निरन्तर कायम रहेको मोहीको लगत कानूनबमोजिमबाहेक नै कट्टा हुन्छ भन्न मिल्दैन। त्यसैले कानूनबमोजिमबाहेक साविकदेखि कायम रहिरहेको मोहीको हक त्यत्तिकै समाप्त नहुने र प्रत्यर्थी रिट निवेदक बैजु चौधरी साविकदेखिकै मोही चतुरनाथ चौधरीको छोरा भन्नेमा विवाद नदेखिएको अवस्थामा मोहीको मृत्युपश्चात विवादको जग्गामा मोहीको हैसियतले जोतकमोद गर्ने अधिकार प्रत्यर्थी रिट निवेदकमा नहुने भन्ने

प्रश्नै नआउने।

पुनरावेदक विपक्षीहरूले पेस गरेको लिखित जवाफमा मोही लगत कट्टाको सम्बन्धमा भूमिसुधार कार्यालय, सप्तरीमा कारवाही चलिरहेकोले रिट निवेदकको मागबमोजिम आदेश जारी हुने अवस्था नरहेको भनी जिकिर लिएकोबाट रिट निवेदनमा दावी लिएबमोजिम विवादित जग्गामा प्रत्यर्थी रिट निवेदकलाई जोत कमोद गर्न नदिई बाली लगाउने कार्यमा पुनरावेदक विपक्षीहरूबाट हस्तक्षेप हुनसक्ने आशङ्काको विद्यमानता रहेको कुरालाई नकार्न मिल्दैन। मोही लगत कट्टाको सम्बन्धमा भूमिसुधार कार्यालय, सप्तरीमा कारवाही चलिरहेको भए पनि सो सम्बन्धमा निर्णय हुन बाँकी नै रहेको र उक्त विषयमा पछि हुने निर्णयले मोही लगत कट्टाको सम्बन्धमा कानूनबमोजिम टुङ्गो लाग्नसक्ने अवस्था रही नै रहेबाट अहिले नै दावीको जग्गा जोतकमोद गर्न दिनबाट प्रत्यर्थी रिट निवेदकलाई रोक्न नमिल्ने हुँदा पुनरावेदन अदालत, राजविराजबाट विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश मिलेकै हुँदा सदर हुने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: बेदना अधिकारी

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम्।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CI-०६०६, उत्प्रेषण/परमादेश, *पदमप्रसाद डाँगी वि. उदयपुर सिमेन्ट उद्योग लिमिटेडसमेत*

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ मा सार्वजनिक निकायका प्रमुखसमक्ष निवेदन दिन सकिने व्यवस्था रही ऐ. उपदफा (१) मा सार्वजनिक निकायले खरिद कारवाही वा निर्णय गर्दा कुनै त्रूटि गरेको वा पालना गर्नुपर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्नसक्ने कारण खुलाई कुनै बोलपत्र वा प्रस्ताव दाताले त्यस्तो त्रूटि वा निर्णयको पुनरावलोकनका लागि सम्बन्धित सार्वजिनक निकायका प्रमुखसमक्ष निवेदन दिनसक्नेछ भन्ने व्यवस्था रही ऐ. को उपदफा (२) मा उपदफा (१) बमोजिम दिने पुनरावलोकनको निवेदन खरिद सम्झौता हुनुभन्दा अघिको कारवाहीका सम्बन्धमा सिमित हुनेछ भन्ने व्यवस्था रहेको छ। सो कानूनी व्यवस्थाअनुसार यी पुनरावेदकले रिट निवेदनमा माग गरेको विषयमा सम्बन्धित निकायसमक्ष आफ्नो मर्काको सम्बन्धमा निवेदन दिई उपचार प्राप्त गर्नसक्ने नै देखिन्छ। यसरी कानूनमा वैकल्पिक उपचारको मार्ग भइरहेको अवस्थामा रिटक्षेत्र आकर्षित हुने देखिँदैन। सो आधारमा रिट निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत, राजविराजको निर्णयलाई अन्यथा भन्न नमिल्ने हुँदा सार्वजनिक खरिद ऐन, २०६३ अन्तर्गत आह्वान गरिएको बोलपत्रबाट प्रस्तुत विवाद जन्मेको र बिडबन्ड फिर्ता नदिई

जफत गर्नेगरी गरेको निर्णयसमेतका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) र (२) ले प्रभावकारी उपचारको व्यवस्था गरिरहेकै देखिएकोले निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी गरिरहनु नपर्ने भनी रिट निवेदन खारेज गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।३।२९ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम्।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०४७७, निषेधाज्ञा/परमादेश, *राजेन्द्र कानूसमेत वि. जिल्ला बारा, रामपुरटोकनी गा.वि.स. स्थित मारूती नन्दन रोलिङ मिल्स प्रा.लि.समेत*

पुराना र स्थायी कामदारहरूलाई राखी राख्दा कम्पनीको उत्पादन लागत बढ्ने भएकाले विभिन्न बहानामा पुराना कामदार हटाउन लागेको आशङ्का रहेको भनी रिट निवेदकहरूले दावी लिएको भए पनि विपक्षी कम्पनी र श्रम कार्यालयबाट पेस भएको लिखित जवाफ व्यहोराबाट त्यस्तो आशङ्का रहेको अवस्था देखिँदैन । रिट निवेदकहरूले तलब भत्तासमेत नदिएको भनी दावी लिएको सम्बन्धमा पनि विपक्षीहरूको लिखित जवाफबाट त्यस्तो अवस्था देखिँदैन । हड्ताल, चक्काजाम, लोडसेडिङ आदि कारणले उद्योग सञ्चालन गर्न नसकी बन्द गर्नको लागि श्रम कार्यालयमा लेखी पठाइएको र ३३ जना कामदारमध्ये १७ जना कामदारले कम्पनीको अवस्था बुझेर राजीनामा दिई आफ्नो हरहिसाबसमेत बुझिसकेको र बाँकी कामादारहरूलाई पनि ७ दिनभित्र स्वेच्छिक अवकास वा राजीनामा दिएमा तलब भत्ताबाहेक पनि केही थप रकम भुक्तानी गर्ने भनी सूचना प्रकाशित गरिएको भन्ने प्रत्यर्थी विपक्षी कम्पनीले लिखित जवाफमा जिकिर लिएको देखिएकाले पुनरावेदक रिट निवेदकहरूलाई गैरकानूनी तवरले नोकरीबाट हटाउन खोजेको भन्ने अवस्था नदेखिने।

उद्योग सञ्चालन नै हुन नसक्ने अवस्थामा पुगेको कारण उद्योग बन्द भई कर्माचारीहरूलाई तलब भत्ता दिने क्षमता नै ह्रास भएको भन्ने देखिएको र श्रम कार्यालयले समेत केही दिन जगेडामा राख्न स्वीकृति दिएको अवस्थामा बिनाकाम पुनरावेदक रिट निवेदकहरूलाई सञ्चालन नै हुन नसकेको अवस्थाको कम्पनीबाट तलब भत्ता दिइरहनुपर्छ भन्न न्याय एवम् विवेकसम्मत पनि हुँदैन। उद्योग सञ्चालन हुनै नसकी बन्द हुन गई कामदारहरूलाई हटाउन परेकाले निजहरूले कानूनबमोजिम पाउने रकममा थप रकमसमेत प्रदान गर्न कम्पनी तयारै रहेको अवस्थासमेत लिखित जवाफबाट देखिएकाले पुनरावेदक निवेदकहरूको तलब भत्ता प्राप्त गर्ने अधिकारसमेतमा विपक्षी कम्पनीले अतिक्रमण

गर्नसक्ने भन्ने निजहरूले दावी लिएजस्तो आशङ्काको स्थिति नरहेको सन्दर्भमा पुनरावेदन अदालत, हेटौंडाले रिट निवेदन खारेज गर्ने गरी गरेको निर्णय आदेशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CI-०९१६, परमादेश, *भद्रकला एडी वि. वीरेन्द्रनगर नगरपालिका कार्यालय, सुर्खेतसमेत*

रिट निवेदकले घर निर्माणको लागि स्वीकृति माग गर्दा राजमार्गको लागि स्वीकृत गरिएको मापदण्डअनुसार स्वीकृति माग गरेको नदेखिएको अवस्थामा निर्धारित मापदण्डविपरीत गएर वीरेन्द्रनगर नगरपालिकाले घर निर्माण गर्नको लागि स्वीकृति दिन मिल्ने कुरा पनि भएन । वीरेन्द्रनगर नगरपालिका एक कानूनबमोजिम स्वशासित संस्था रहेको र उसले नेपाल सरकारले नगरक्षेत्रको विकासको लागि निर्धारण गरेको मापदण्डलाई नाघेर निर्माण कार्य गर्न स्वीकृति दिनसक्ने भन्ने पनि हुँदैन । सडक क्षेत्रको लागि छुट्ट्याइएको जग्गा अतिक्रमण हुने गरी यी पुनरावेदक निवेदकलाई घर निर्माण गर्न स्वीकृति दिन मिल्ने आधार कारण केही नभएको अवस्थामा रिट निवेदन खारेज गरेको पुनरावेदन अदालत, सुर्खेतको निर्णय आदेशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: वेदना अधिकारी

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

१३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०६८-CI-०३०३, निषेधाज्ञा, *शेष अब्दुल तौआबसमेत वि. जिल्ला प्रशासन कार्यालय, रौतहट गौरसमेत*

जिल्ला प्रशासन कार्यालय एवम् जिल्ला प्रहरी कार्यालयको काम नै शान्ति सुरक्षा कायम गराउने प्रकृतिको हुने हुँदा सो विषयमा दुबै पक्षलाई झैझगडा नगरी शान्तिपूर्वक बस्न लगाउने उद्देश्यले विपक्षी निकायहरूबाट निवेदकहरूसमेतलाई सम्झाउने बुझाउने कार्य गरिएकोसम्मको क्रियाकलापलाई कानूनविपरीतको मान्न मिल्दैन । निवेदकहरू र विपक्षीहरूको बीच विवाद बढ्न नदिई थप गम्भीर किसिमको अशान्ति एवम् जीउ ज्यानमा खतरा पुग्ने खालको कार्य हुन नपाओस् भन्ने उद्देश्यले दुबै पक्षलाई सम्झाई बुझाई गर्न बोलाएको कार्यलाई गैरकानूनीरूपमा पक्रने थुन्ने आशङ्का रहेको भन्ने अर्थमा बुझीहाल्नसमेत हुँदैन । शान्ति सुरक्षा बिग्रने सम्भावना भएकोमा सो सम्बन्धी कार्य गर्ने निकायले चुप लागी हात बाँधेर बस्ने कुरा पनि नभएबाट विपक्षी

निकायहरूबाट शान्ति सुरक्षा कायम गराउने कर्तव्य निर्वाह गरेको कुराले निवेदकहरूको नागरिक अधिकार ऐनद्वाराप्रदत्त हक अधिकारमा आघात भएको भन्नसमेत मिल्दैन । यस्तो अवस्थामा पुनरावेदन अदालत, हेटौंडाबाट भएको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०७०-WO-०८५२, उत्प्रेषण, *पवित्रा घिमिरेसमेत वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*

गाउँ विकास क्षेत्रको केन्द्र तोक्ने वा सार्ने सम्बन्धमा सम्बन्धित गाउँ विकास समितिले पायक पर्ने स्थानको पुष्ट्याइँसहित गाउँ परिषद्को निर्णय गराई नेपाल सरकारमा सिफारिस गर्नसक्ने व्यवस्था रहेकोमा प्रस्तुत रिट निवेदनमा सो सम्बन्धमा गाउँ परिषद्को निर्णय भएको अवस्था देखिँदैन । मिसिल संलग्न विपक्षी सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जिल्ला विकास समिति, लमजुङ्लाई गा.वि.स. भवन निर्माणस्थल सम्बन्धमा लेखेको मिति २०७०।११।५ को पत्रमा त्यस्तो गाउँ विकास समिति केन्द्र तोक्ने विषय निर्वाचित गाउँ परिषद्को सिफारिस लिएर गर्न उपयुक्त हुन्छ । तर अहिले पुनर्निर्माण तथा पुनस्थापना कार्यक्रमको रकमबाट भवन बनाउने स्थानको विवादको सम्बन्धमा सर्वपक्षीय छलफल र सहमति कायम गरी निर्माण गर्ने गराउने व्यवस्था हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।११।४ को निर्णियानुसार अनुरोध छ भन्ने उल्लेख भएको देखिन्छ । गाउँ विकास क्षेत्रको केन्द्र तोक्ने वा सार्ने विषयमा गाउँ परिषद्बाट निर्णय नै नभएको र प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको देखिएको मिति २०७०।९।२३ को सर्वदलीय बैठकले पनि भवन निर्माणस्थलको छनौट सम्बन्धमा मात्रै सर्वसम्मति गरेको अवस्था देखिन्छ । सो सर्वदलीय बैठकको निर्णयलाई गाउँ विकास क्षेत्रको केन्द्र तोक्ने वा सार्ने विषयमा नेपाल सरकारको अन्तिम निर्णय मान्न मिल्दैन । सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले हाल कार्यालय सञ्चालन भइरहेको स्थानबाट तार्कुघाट गा.वि.स. अन्तर्गतको यसै ठाउँमा गाउँ विकास क्षेत्रको केन्द्र तोक्ने वा सार्ने भन्नेसम्बन्धी कुराको कुनै बन्धनकारी निर्णय (अन्तिम निर्णय) गरेको अवस्था पनि मिसिलबाट देखिँदैन । न त निवेदकहरूले नै त्यस्तो निर्णय भएको छ भनी जिकिर लिन नै सकेको देखिन्छ । विपक्षी सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट मिति २०७०।९।२१ मा पनि गाउँ विकास क्षेत्रको केन्द्र तोक्ने वा सार्ने विषयमा निर्णय गरेको नभई सोका लागि यथार्थ विवरणसम्म माग गरेको भन्ने देखिन्छ । यी तथ्यहरूको विश्लेषणबाट उक्त मन्त्रालयले रिट निवेदकले दावी लिएको स्थानमा गाउँ विकास क्षेत्रको केन्द्र तोक्ने वा सार्ने

सम्बन्धमा कुनै बाध्यकारी हुने किसिमको अन्तिम निर्णय नै नगरेको अवस्थामा प्रस्तुत रिट निवेदन शङ्कित अवस्थामा दायर हुन आएको देखिन आयो । यस्तो अवस्थामा शङ्कित अवस्थामा हुँदै नभएको निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने रिट निवेदकहरूको माग गराई नै निरर्थक देखिन्छ । भविष्यमा हुने कुनै निर्णयबाट पर्ने असुविधाको हकमा त्यतिबेलै उपचार प्राप्त गर्न सकिने नै हुन्छ र कुनै स्थानमा गाउँ विकास क्षेत्रको केन्द्र कायम गर्ने कुरा यस अदालतबाट निर्णय हुनसक्ने कुरा पनि नहुँदा निवेदकको मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था नदेखिने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

इति संवत् २०७१ साल भदौ ३ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-CR-०४१४, ०६८-CR-०००८ कुटपीट, *सुरेन्द्र महतो धानुक वि. शशिमण्डल महतोसमेत, शशिमण्डल महतोसमेत वि. सुरेन्द्र महतो धानुक*

मुलुकी ऐन, कुटपीटको ९ नं. मा साधारण हतियार वा लाठा, ढुङ्गाले हानी घोची काटी अङ्गभङ्ग हुने बाहेक अरू चोटपटक पारिदिएमा घोचेका घाउको गहिराई नापी र हानेका घाउमा लम्बाई वा गहिराई जुनतर्फका नापबाट बढी खत हुने देखिन्छ उसैतर्फको नापबाट एक इन्चको पाँचसय रूपैयाँको दरले जरीवाना गर्नुपर्छ । बन्दुक, खुकुरी, तरबार, काँढ, च्याप्सा, भाला, कटारी, खुँडा, बञ्चरा, गडासा अरू यस्तै किसिमको गैरजोखिमी हतियारले काटी हानी घोची घाउ चोट पारेमा लेखिएबमोजिम इन्चीको नापबाट प्रत्येक इन्चको पाँचसय रूपैयाँ जरीवाना र एकमहिना कैदका दरले दुई वर्ष नपुगेसम्म कैदसमेत गर्नुपर्दछ भन्ने उल्लेख भएको पाइन्छ । यसरी उपरोक्तबमोजिमको कानूनी व्यवस्था हेर्दा यी वादीलाई प्रतिवादीहरूले के कस्तो जोखिमी धारिलो हतयारसमेतले कुटपीट गरेको हो भन्ने पुष्टि हुन नसकिरहेको अवस्थामा पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।७।४ मा सुरु पर्सा जिल्ला अदालतबाट ३ महिना कैद र रू. १५००।– जरीवाना गर्ने गरी भएको फैसला केही उल्टी गरी प्रतिवादीहरू शशि मण्डल महतो, वीरेन्द्र महतो र सुनिल महतोलाई कुटपीटका ९ नं. ले रू. १५००।– जरीवाना गर्ने गरी भएको फैसला मुनासिब देखिँदा सदर हुने ठहर्छ । वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की,** ०६८-CI-०२४३,

रकम दिलाइभराइ पाऊँ (लेनदेन), *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३०, कान्तिपथस्थित भाजुरत्न फाइनान्स एन्ड सेभिङ कम्पनी लि. (वित्तीय संस्था) को तर्फबाट अख्तियारप्राप्त ऐ.का कार्यकारी निर्देशक शेखबहादुर प्रधान वि. रोशनकुमार धौभडेल*

लेनदेन व्यवहारको महलको ४० नं. मा अन्यत्र हदम्याद लेखिएको वा हदम्याद लाग्दैन भनेको कुरामा बाहेक अरूमा भए गरेको मितिले २ वर्षभित्र नालिस नदिए लाग्न सक्तैन भन्ने कानूनी व्यवस्था रहेको छ। उल्लिखित विवेचित आधार कारणबाट यी फिरादीले कानूनले निर्दिष्ट गरेको समयभित्र अदालत प्रवेश गरेको देखिन आएन। कानूनले तोकेको अवधि नाघी आएका फिरादको तथ्यमा प्रवेश गरी न्याय निरूपण गर्न अदालतले मिल्दैन । यस अदालतबाट निस्सा प्रदान हुँदा प्रस्तुत भएको नेकाप २०५५, पृष्ठ ५१५, नि.नं. ६५९६ को लेनदेन मुद्दाको नजिर प्रस्तुत मुद्दामा आकर्षित हुने देखिएन, साथै कम्पनी ऐन, २०६३ को दफा ३४(३) मा ऋणको सर्त भाखा र ब्याजसम्बन्धी कुराहरू साहु र आसामीबीचमा भएको लिखत वा करारबमोजिम हुनेछ भन्ने उल्लेख भएको देखिँदा सो दफाअनुरूप पनि करारमा उल्लिखित समयपछि लेनदेन व्यवहारको महलको ४० नं. अनुसार नहुने भन्न मिल्ने नदेखिने।

पुनरावेदक कम्पनीले व्यापारिक कारोबारको क्रममा दिएको कर्जा लिखतअनुसार असुलउपरको लागि अ.बं. ३६ नं. अनुसार जहिलेसुकै पनि नालिस दिनसक्ने छुट दिएको मान्न मिल्दैन । सो लिखतमा उल्लेख गरे अनुसारको भाखामा नबुझाए लेनदेन व्यवहारको महलको ४० नं. अनुसार २ वर्षभित्र नालिस गर्न आउनुपर्नेमा सो हदम्याद नाघी प्रस्तुत फिराद दायर हुन आएको स्पष्ट देखिन आएकोले अन्य तथ्यतर्फ प्रवेश गरिरहन नपरी लेनदेन व्यवहारको महलको ४० नं. को हदम्याद नाघी दायर हुन आएको प्रस्तुत फिराद खारेज हुने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनले मिति २०६७।९।१८ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: विश्वराज पोखरेल

इति संवत् २०७० साल चैत ११ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६६-CI-०६२२, नापी फिल्डबुक कैफियत बदरसमेत बदर दर्ता, *सीतादेवीमगर वि. जिल्ला कारागार शाखा पर्सा, वीरगन्ज*

यी वादीले कि.नं. ७३ को पूर्वतर्फको ज.वि. ०-०-५ जग्गा राजीनामा गरिलिएको भन्ने कुरा कतैबाट समर्थन भएको देखिन आउँदैन । जहाँसम्म यासिन मियाँबाट प्रेमलाल चौधरीले

लिएको राजीनामा र प्रेमलालबाट यी वादीले गरिलिएको राजीनामाको प्रश्न छ त्यसमा कि.नं. ८७९ बाट राजीनामा लिएको देखिन्छ । साथै यासिनबाट प्रेमलाल चौधरीले राजीनामा पारित गरिलिँदा वीरगन्ज न.पा., गहबा (क) भनी उल्लिखित भएको देखिएबाट दावीको जग्गा अर्थात् वीरगन्ज न.पा. वडा नं. ६ मा वादीको दावी पुग्ने अवस्था देखिँदैन । यसरी यी वादीका परदाता यासिन मियाँको नै उक्त जग्गामा निर्विवाद हकाधिकार प्राप्त भएको नदेखिएको अवस्थामा निजले प्रेमलाल चौधरीलाई र प्रेमलाल चौधरीले यी वादीलाई हक हस्तान्तरण गरेको कार्यसमेतबाट निजको दावीको पुष्टि भएन । विवादित स्रोतको आधारमा प्राप्त लिखतले निर्विवाद अधिकारको सिर्जना हुन्छ भनी मान्नु कानून र न्यायसङ्गत हुन नसक्ने ।

यसरी पुनरावेदक वादीले दावीको जग्गामा हकको स्रोत अर्थात् स्वामित्वको स्रोत नै सबुद प्रमाणबाट स्थापित गराउन नसकेको अवस्थामा एउटा जग्गा राजीनामा गराई लिएकै आधारमा अर्को कित्ता नम्बरको जग्गा देखाई फिराद दिन यी वादीलाई हक अधिकार प्राप्त भएको भनी मान्न नमिल्ने ।

वादीका परदाता यासिन मियाँको नै दावीको जग्गामा हकाधिकार प्राप्त भएको नदेखिएको अवस्थामा निजले प्रेमचन्द चौधरीलाई र निज प्रेमचन्दले यी वादीलाई कुनै जग्गा बिक्री गर्दैमा दावीको जग्गामा हक पुग्ने अवस्था देखिएन । तसर्थ वादीको दावी खारेज हुने ठहर भएको सुरू पर्सा जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाले मिति २०६३।८।११ मा गरेको फैसला सदर हुने ।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ ९ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६६-CI-०६२१, ०६२३ नापी फिल्डबुक कैफियत बदरसमेत,नापी फिल्डबुक बदर गरी दा.खा.दर्ता समेत, *विजयकुमार रानामगर वि. जिल्ला प्रशासन कार्यालय, कारागार शाखा वीरगन्ज, राधादेवी गुरूङ वि. जिल्ला कारागार शाखा पर्सा वीरगन्ज भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।*

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री दीपकराज जोशी,** ०६५-CI-०४५३, करारबमोजिम रकम दिलाइपाउँ, *चित्रबहादुर कार्की वि. मनिराम अग्रवाल*

विवादको मिति २०६०।८।१ को सहमति पत्र अस्पष्ट, बिनाप्रतिफलको पूरा गर्न असम्भव र अधिकारविहीन व्यक्तिद्वारा गरिएको देखिँदा वैध करारको लागि आवश्यक तत्त्वको अभाव तथ्य

पुष्टि हुन आयो । यसरी वैध करार हुनको लागि आवश्यक तत्त्वहरू समावेस रहेको नदेखिँदा विवादको मिति २०६०।८ ।१ को सहमतिपत्रले वैध करारको रूपमा कानूनी मान्यता पाउने अवस्था देखिन नआउने ।

अतः दावीको मिति २०६०।८।१ को सहमतिपत्रलाई करारको मान्यता दिई सो कागजलाई कीर्ते भन्ने प्रतिवादीलाई रू.१००।– जरिवाना गरी वादीले प्रतिवादीबाट रू.तेह्र लाख भरिपाउने ठहर गरी कैलाली जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी सो सहमतिपत्रलाई कानूनी मान्यता नदिई वादी दावी पुग्न नसक्ने ठहर गरी पुनरावेदन अदालत, दिपायलबाट भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: रमेश रिजाल

कम्प्युटर: पध्मा आचार्य

इति संवत् २०७१ कात्तिक १७ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-१२४३, उत्प्रेषण/प्रतिषेध/परमादेश, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ११, भद्रकालीस्थित नेपाल दूरसञ्चार कम्पनीका तर्फबाट अधिकारप्राप्त ऐ.ऐ. कम्पनीका निमित्त प्रबन्धक निर्देशक बुद्धिप्रसाद आचार्य वि. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत*

ठूला करदाता कार्यालयले गरेको निर्णयको स्रोतको रूपमा रहेको आन्तरिक राजस्व विभागको निर्णय नै राजस्व न्यायाधिकरणसमक्ष विचाराधीन रहेको र त्यसबाट नै निवेदकले उपचार पाउने अवस्था रहन्छ । यिनै निवेदकले ठूला करदाताको निर्णयउपर यसभन्दा पहिले पुनरावेदनको उपचार ग्रहण गरिसकेकोमा सोही स्थिति र सोही आधारमा विवादित निर्णयउपर पनि साधारण अधिकारक्षेत्रअन्तर्गत उपचारमा जानुपर्नेमा रिटमा प्रवेश गरेको मिलेको देखिँदैन । वैकल्पिक उपचार रहेसम्म रिट क्षेत्राधिकार सामान्यतया आकर्षित हुँदैन । एउटै विषयवस्तुमा एकैपटक दुई निकायले हात हाल्दा न्यायिक अराजकतासमेत जन्मिन्छ । विवादित विषयको वैकल्पिक उपचारको मार्ग अन्तिम भई बसेको र विवादित निर्णयमा कानूनको घोर त्रूटि भएको भन्ने कुरा स्पष्ट देखिएमा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने कुरालाई अपवादको रूपमा लिइन्छ । यस विवादमा त्यस किसिमले साधारण क्षेत्राधिकारबाट विषयवस्तुको अन्तिम टुङ्गो लागेको देखिँदैन । निवेदकलाई पुनरावेदनको सशक्त र सक्षम वैकल्पिक उपचारको मार्ग रहेकोसमेतको अवस्थामा रिटबाट आदेश गर्न मिल्ने नदेखिँदा निवेदकको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: हेमबहादुर सेन

कम्प्युटर: पध्मा आचार्य

इति संवत् २०७१ साल कात्तिक ९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-WO-०८०८, उत्प्रेषण/परमादेश, *रत्नलक्ष्मी राई वि. कमला राईसमेत*

निवेदकले निवेदनमा जिकिर गरेको मिति २०६८।६।१४ मा तामेल भएको बन्डा मुचुल्का गर्ने कार्यमा सहभागी हुन आउनु भनी पठाइएको १५ दिने म्यादमा निज निवेदिकाको नाम रत्नलक्ष्मी राई हुनुपर्नेमा त्रूटिपूर्ण नाम लक्षी राई मात्रसम्म हुन गएको देखिन आयो । त्यस्तो त्रूटिपूर्ण गरी जारी भएको म्यादबाट निवेदिकालाई आफूविरूद्ध भएको चलनतर्फको कारवाहीको जानकारी हुनसक्ने अवस्था देखिएन । अत: उक्त चलनतर्फको म्याद प्राकृतिक न्याय सिद्धान्त विरूद्ध खडा भएको प्रष्ट देखिन्छ । यसरी हेर्दा उक्त मिति २०६८।६।१४ मा तामेल भएको बन्डा मुचुल्कातर्फको म्यादले गर्दा यी निवेदिकाको हकमा प्राकृतिक न्याय सिद्धान्तविपरीत हुनगई निवेदिका उक्त कारवाहीमा उपस्थित हुनबाट वञ्चित भएको देखिन आउने ।

मिति २०६८।६।१४ मा तामेल भएको बन्डातर्फको म्याद, सोपश्चात खडा भएको मिति २०६८।९।९ को बन्डा मुचुल्का, मिति २०६८।९।२६ को चलन पुर्जी तथा मिति २०६८।९।२७ को मालपोत कार्यालय, सोलुखुम्बुबाट प्रदान गरिएको जग्गाधनी प्रमाण पुर्जा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब कानूनबमोजिमको रीत पुर्‍याई पुन: बन्डा मुचुल्कातर्फको प्रक्रिया पूरा गरी चलन चलाउने कामकारवाही गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: हेमबहादुर सेन

कम्प्युटर: पध्मा आचार्य

इति संवत् २०७१ साल असोज ३१ गते रोज ६ शुभम् ।

४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६६-CR-०६९६, जाली राहदानी, *नेपाल सरकार वि. सन्तराज गुरूङ*

सन्तराज गुरूङको नाममा जारी भएको राहदानी निजको साथमा नै रहने प्रकृतिको भएको उक्त राहदानी निजका मन्जुरीले बाहेक अरूले प्रयोग गर्न नसक्ने हुँदा प्रतिवादी मीनबहादुर घलेले पोल नगरेको भन्ने आधारमा प्रतिवादी सन्तराज गुरूङलाई अभियोग माग दावीबमोजिम सफाइ दिने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने भन्ने पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नदेखिने ।

प्रतिवादी सन्तराज गुरूङले गरेको कार्य अध्यागमन ऐन, २०४९ को दफा ५(१) को विपरीतको कसुर अपराध देखिन आएकोमा अर्का प्रतिवादी मीनबहादुर घलेले पोल गर्न नसकेको भन्ने मात्र आधार देखाई प्रतिवादी सन्तराज गुरूङलाई सफाइ दिनेगरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्नेगरी पुनरावेदन अदालत, पाटनबाट मिति

२०६५।७।१७ गते भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ । सो ठहर्नाले प्र. सन्तराज गुरूङलाई के कति सजाय हुने भन्ने सम्बन्धमा विचार गर्दा अध्यागमन ऐन, २०४९ को दफा १०(१) मा ''कसैले दफा ५ बमोजिम अपराध गरे गराएमा निजलाई पचास हजार रूपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुबै सजाय हुनेछ'' भन्ने कानूनी व्यवस्थासमेत रहेको देखिँदा प्रतिवादी सन्तराज गुरूङले यस्तो किसिमको कसुर विगतमा गरेको नदेखिँदा प्रतिवादी सन्तराज गुरूङलाई अभियोग माग दावीबमोजिम अध्यागमन ऐन, २०४९ को दफा ५(१) को कसुर अपराधमा ऐजन ऐनको दफा १०(१) बमोजिम कसुरको मात्रा हेरी तजविजी रू.५०,०००।- (पचास हजार) जरिवाना हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: पध्मा आचार्य

इति संवत् २०७१ साल भदौ १५ गते रोज १ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०५०९, लिखत दर्ता बदर, दर्ता कायम, *कन्नी थरूनी वि. रन्जु चौधरी*

उमेर नपुगेकाको सम्पत्ति अपहरित हुनसक्ने जोखिममा रहेका बालबालिकाको सम्पत्तिको रक्षार्थ बनेको अदालती बन्दोवस्तको महलको ४० नं. को कानूनी व्यवस्थालाई अंशबन्डाको १९ नं. ले परास्त गर्नु न्यायोचित पनि हुने देखिन आएन । तसर्थ बाबुआमा नहुने नाबालिकाको हकको संरक्षण सङ्कटमा रहने सम्भाव्यता बढी हुने र त्यस्ता अरू अंशियारले उसको सुषुप्त अवस्थामा रहेको हकलाई मास्ने काम हुन गएमा त्यो हकको उपचार उसको उमेर पुगेपछि नालिस गर्न पाउने हक लेनदेन व्यवहारको महलको ४० नं. ले प्रदान गरिरहेको र सोही आधारबाट वादी आएको देखिँदा उक्त लेनदेन व्यवहारको महलको ४० नं. लाई अन्य कुनै कानूनले अन्यथा नगरेको हुँदा र वादीले जुन ऐनको आधारमा दावी लिएको हो सोही आधारमा न्याय हुने हुनाले प्रतिवादीले अन्यथा लिएको जिकिरसँग सहमत हुन नसकिने ।

अंश मुद्दाबाट वादीले दावीबमोजिम ५ भागको १ भाग अंश पाउने ठहर भएको र सोही आधारमा जिल्ला सुनसरी, सिंगिया गा.वि.स. वडा नं. ४ ग कि.नं. २१ को ०-०-७ जग्गाको लिखतमध्ये पाँच भागको एक भाग बदर हुने ठहर भएको अवस्था मिसिलबाट देखिन आएको अवस्थामा पुनरावेदन अदालत, विराटनगरको फैसलालाई अन्यथा परिवर्तन गर्नुपर्ने अवस्थासमेत देखिन नआउँदा वादी दावीबमोजिम ५ भागको १ भाग लिखत बदर हुने ठहर गरेको पुनरावेदन

अदालत, विराटनगरको मिति २०६६।५।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल असार २३ गते रोज ३ शुभम्।

- यसै प्रकृतिको ०६७-CI-०५०७, लिखत दर्ता बदर,दर्ता कायम, *सकिला श्रेष्ठ वि. रन्जु चौधरी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WH-००१७, बन्दीप्रत्यक्षीकरण, *मोतीलाल पोखरेल वि. जिल्ला सरकारी वकिल कार्यालय, पाल्पासमेत*

क्षेत्राधिकार कहाँ र कसको हुने भन्ने कुरा कानूनले जे निश्चित गरेको छ त्यहीं नै हुने कुरा हो, पक्षहरूको भनाइको आधारमा क्षेत्राधिकार यकिन हुने कुरा होइन। क्षेत्राधिकारको सम्बन्धमा पनि दूरसञ्चार ऐन, २०५३ को दफा ४७(२) र (३) तथा (५) को के कस्तो सम्बन्ध र अन्तर छ भन्ने व्याख्या विश्लेषण उक्त जिल्ला अदालतमा चलेको मुद्दाको फैसला हुँदाको अवस्थामा हुने नै हुन्छ। अदालतमा दूरसञ्चार ऐन, २०५३ को दफा ४७(५) को आधारमा अभियोगपत्र आएको र दफा ४७(५) अनुरूप आउने मुद्दा जिल्ला अदालतकै क्षेत्राधिकार भित्र पर्ने र त्यसरी परेको नालिसमा अ.बं. ११८ नं. अनुरूप जिल्ला अदालतले आदेश गर्न सक्ने उसैको क्षेत्राधिकारभित्रको कुरा हो यस्तो अवस्थामा दावी नै नभएको दूरसञ्चार ऐन, २०५३ को दफा ४७(२) र (३) को अवस्था हो भनी निवेदकले जिकिर लिएकै आधारमा विधिवत् त्यस कानूनको व्याख्या हुनुपूर्व नै जिल्ला अदालतमा परेको मुद्दाको औचित्य नै समाप्त हुने गरी माथिल्लो निकायबाट तत्काले हस्तक्षेप गर्न वाञ्छनीय नहुने।

यी निवेदक दूरसञ्चार ऐन,२०५३ को दफा ४७(५) अनुरूपको मुद्दा जिल्ला अदालतको क्षेत्राधिकारिभत्र पर्ने र सो मुद्दामा अ.बं. ११८ नं. बमोजिम जिल्ला अदालतको आदेशबाट थुनामा रहेकोलाई गैरकानूनी थुना भन्न नमिल्ने र सोसम्बन्धी मुद्दामा दूरसञ्चार ऐन, २०५३ को दफा ४७(२) र (३) भित्रको वारदात हो कि भनी व्याख्या गरी क्षेत्राधिकारको प्रश्नसमेत विचाराधीन रहेको र तत्सम्बन्धमा सोही अदालतबाट व्याख्या र सम्बोधन हुने नै हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने रिट निवेदन जिकिर पुग्न सक्तैन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विदुर काफ्ले

इति संवत् २०७१ साल असोज २९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-१०९९, हातहतियार खरखजाना, *प्रभातकुमार कुसवाहा वि. नेपाल सरकार*

फौजदारी कसुरजस्तो गम्भीर किसिमको अपराधमा तथ्ययुक्त एवम् ठोस सबुद प्रमाणको आधारमा मात्र कसुरदार कायम गर्नुपर्ने हुन्छ । तथ्ययुक्त एवम् ठोस सबुद प्रमाणको अभावमा सहअभियुक्तले पोल गर्ने र सो पुष्टि नभएको र केवल हचुवाको आधारमा अभियोग लगाउने पक्षले अभियोग लगाएकै भरमा मात्र कसुरदार कायम गर्नु फौजदारी न्यायको सिद्धान्तको मर्म र भावनाविपरीत हुन्छ । वारदात हुँदाको अवस्थामा वारदातस्थलमा अभियुक्त बनाएका यी प्रतिवादी प्रभातकुमार कुसवाहा नहुनु सहअभियुक्तहरूको पोललाई अधिकारीसमक्षको बयानमा पोल गर्नेहरूले इन्कार रही बयान गरेको र अन्य कुनै स्वतन्त्र प्रमाणबाट खम्बिर नभएको अवस्थासमेतको आधार र कारणहरूबाट वादी पक्षको पुनरावेदक प्रभातकुमार कुसवाहाउपरको अभियोग दावी प्रमाणबाट पुष्टि हुन सकेको देखिन नआउँदा अभियुक्त प्रभातकुमार कुसवाहालाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ४(२) बमोजिम ४ वर्ष कैद हुने ठहर्‍याएको फैसलालाई सदर गर्ने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला पुनरावेदक प्रतिवादी प्रभातकुमार कुसवाहाको हकमा उल्टी भई निजे अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल असार २५ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CI-०१६६९, ०६८-CI-०८४२, अंश चलन, *श्रीमती इन्द्रकुमारी श्रेष्ठ वि. ज्योति श्रेष्ठ, ज्योति श्रेष्ठ वि. इन्द्रकुमारी श्रेष्ठ*

वादी प्रतिवादीका बाबु लोग्नेको मृत्यु भई दुईजना अंशियार मात्र रहेको अवस्था देखिएको र प्रतिवादी यशोदादेवीले २०४९ सालमा शेषपछिको अष्टलोह बकसपत्र गरी ज्योति श्रेष्ठलाई दिएको र यशोदादेवी श्रेष्ठको मृत्युपछि ज्योति श्रेष्ठले मुद्दा सकार गरिलिएको देखिन्छ । वादी श्यामगोपाल श्रेष्ठले अंश छोडपत्रको कागज गरी अंश लिई बसेको भन्नेतर्फ हेर्दा निजको मानसिक अवस्था ठीक नभएको कारण मानसिक अस्पतालमा जान मिति २०३८।१२।६ मा नै डाक्टरले सिफारिस गरेको देखिएकोबाट मिति २०३९।४।१५ मा अंश छोडपत्रको लिखत पारित गर्दा निजको मानसिक स्थिति ठीक नभएको अवस्था देखिन आउँछ । यस्तो अवस्थामा अंश छोडपत्रको कागज गर्दा संरक्षकलाई रोहबरमा राखी कागज भएको पनि नदेखिएको हुँदा त्यस्तो कागजको मान्यता नहुने भएकाले त्यस्तो कागजको आधारमा निज वादीले पाउने अंशबाट वञ्चित गर्नु न्यायोचित नहुने भएको हुँदा वादीले दुई भागको एक भाग अंश पाउने ।

प्रतिवादी ज्योति श्रेष्ठलाई यशोदादेवी श्रेष्ठले आफ्नो अंश सम्पूर्ण नै शेषपछिको बकसपत्र गरिदिएको अवस्था भएको र निज ज्योति श्रेष्ठले यशोदादेवी श्रेष्ठको मृत्युपछि मुद्दा सकार गरेको देखिन आउँछ । आफ्नो कानूनबमोजिमको अंशहकको सम्पत्ति शेषपछिको बसकपत्रको लिखत गरिदिएको स्थिति छ भने त्यस्तो अवस्थामा लिखतको अस्तित्वलाई अन्यथा प्रमाणित नगरेसम्म लिखतको मान्यता यथावत् रहेको मान्नुपर्ने हुन्छ र त्यस्तो बकसपत्रको लिखत बकसपत्र दिनेको मृत्यु भएपछि क्रियाशील भई त्यस्तो अंशहकको सम्पत्ति शेषपछिको बकस पाउनेमा सर्दछ । यसै सम्बन्धमा यसै सर्वोच्च अदालतबाट मथुरा चिपालु वि. मनोज चिपालु (नेकाप २०५६, नि.नं. ६७२९, पृष्ठ ३९२) भएको मुद्दामा शेषपछिको बकसपत्र दिनेको मृत्युभएपछि निजको हक बकसपत्र पाउनेमा सर्ने भन्ने सिद्धान्तसमेत प्रतिपादित भएको सन्दर्भमा यशोदादेवीले आफ्नो अंश अष्टलोह शेषपछिको बकसपत्र गरिदिएको र निजको मृत्यु भई बकसपत्र पाउने ज्योति श्रेष्ठले मुद्दा सकार गरेको देखिएको हुँदा यशोदादेवीको अंशहकको सम्पत्ति ज्योति श्रेष्ठले पाउने।

वादी प्रतिवादीका पिता पति हरिगोपालका अंश भागबाट वादीले अंश पाउने र वादीले पेस गरेको फाँटवारीको प्रकरण (च) र प्रतिवादीले पेस गरेको फाँटवारीको प्रकरण २ को सम्पत्तिका हकमा प्रतिवादी यशोदादेवी श्रेष्ठको अंशभागबाट वादीले २ भागको १ भाग अंश पाउने साथै वादीले पेस गरेको फाँटवारीको प्रकरण (ख) र (ग) मा उल्लिखित सम्पत्तिको हकमा काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दामा ठहरेबमोजिम हुनेगरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।१०।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७१ साल भदौ २५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६६-CR-०१३५, नाता कायम, *बद्रीप्रसाद प्रसाई वि. राधिका माझी*

"विशेषज्ञको रायको महत्त्व राख्ने DNA परीक्षण प्रतिवेदनले निश्चयात्मक सबुद (Conclusive Proof) को स्थान ग्रहण गर्न नसक्ने पनि हुन सक्दछ । विशेषज्ञको राय न्यायकर्तालाई न्यायिक निष्कर्ष निकाल्न सघाउ पुर्‍याउने एउटा माध्यम मात्र हो । अन्य प्रत्यक्ष तथ्य विश्वास गर्नलायक प्रमाणहरूको श्रृङ्खलाले DNA परीक्षण प्रतिवेदनको प्रतिकूल निष्कर्ष निकाल्दछन् भने न्यायकर्ताले यी प्रमाणहरूको श्रृङ्खलाका आधारमा उपयुक्त अवधारणा बनाउनसक्ने" भन्ने सिद्धान्तसमेत स्थापित भएको पाइने।

यी पुनरावेदक प्रतिवादीको करणी वीर्यबाट गर्भ रही छोरा जातक बच्चा जन्मेको पुष्टि

हुन आएकोले वादी तथा प्रतिवादीका बीचमा लोग्ने स्वास्नीको नाता कायम हुने र प्रतिवादीले जन्मेको छोराको न्वारानसमेत गरिदिनुपर्ने ठहर्‍याई सुरू रामेछाप जिल्ला अदालतले मिति २०६३।८।२४ मा गरेको फैसलालाई सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६४।३।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

इति संवत् २०७१ साल कात्तिक ९ गते रोज १ शुभम्।

३

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री ओमप्रकाश मिश्र,** २०६८-CI-०१३३, बाली भराई मोही निष्काशन, *कृष्णमाया प्रधान नौला वि. लक्ष्मीमाया नौला*

भूमिसम्बन्धी ऐनको पाँचौं संशोधन, २०५८ अनुसार भूमिसम्बन्धी ऐन, २०२१ मा थप भएको दफा २६घ२ ले तोकिएको कार्यालयका तोकिएको अधिकारीले मोही स्थापित भएको जग्गामा मोही र जग्गाधनीलाई आधाआधा जग्गा बाँडफाँड स्वत: गरिदिनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरेको स्थितिमा जग्गाको आकृति बिगारेको, मोल घटाएको जस्ता यो वा त्यो आधार कारण दर्शाई मोही निष्काशन गर्न न्यायोचित नहुने र तत्कालीन अवस्थामा वादीको दावीमा आधारित भई कुतबाली नबुझाएको भन्ने शब्द मात्र परे पनि उक्त मुद्दामा उल्लिखित संविधान र भूमिसम्बन्धी कानूनको व्याख्या प्रस्तुत मुद्दाका सन्दर्भमा समेत आकृष्ट हुनजाने नै देखिन्छ । उल्लिखित आधार र कानूनी व्यवस्थाबाट मोही बालीसम्बन्धी तथ्यमा प्रतिपादित सिद्धान्त आकृष्ट गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको छैन भन्ने पुनरावेदन जिकिर एवम् प्रस्तुत मुद्दामा भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने।

जग्गाको आकृति बिगारी उर्बरा शक्ति घटाएको र २०६२ सालको धानबाली पनि बुझाउन नल्याएको भन्ने वादी दावी एवम् पुनरावेदन जिकिर तथ्परकरूपमा प्रमाणित हुन नसकेको तथा भूमिसम्बन्धी ऐन, २०२१ मा मिति २०५३।९।२४ र मिति २०५८।१०।२५ मा भएको संशोधनहरू बमोजिम उक्त संशोधन लागू भएका मितिपछिका वर्षमा बाली नबुझाएको जग्गाको उर्बरा शक्ति घटाउने कार्य गर्ने मोहीलाई निष्काशन गर्न माथि विवेचित कानूनी तर्क तथा प्रतिपादित सिद्धान्तसमेतका आधारमा नमिल्ने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल असोज २४ गते रोज ६ शुभम्।

## इजलास नं. ६

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०६९-CI-०९४७, लेनदेन, *रामचन्द्र यादव वि. रामदेव यादव*

पुनरावेदक प्रतिवादीले पुनरावेदन अदालत, राजविराजमा आफ्नो पुनरावेदनपत्रमा

तमसुकमा लेखेको गा.वि.स. र नेवल यादवको बाजेको नाम गलत छ । खटरको छोरा नेवल यादव हुन् । निजको जिल्ला सिरहा, सन्हैठा गा.वि.स. वडा नं. १ घर भै जिल्ला सिरहा, चन्द्रअयोध्यापुर गा.वि.स. वडा नं. २ हाल वडा नं. १ मा घर बनाई दुबै ठाउँमा बस्ने एउटै व्यक्ति स्व. नेवल यादव हुन भनी जिकिर लिएको देखिएको र सो सम्बन्धमा वादीले अन्यथा भन्न सकेको नदेखिँदा स्व. नेवल यादव भन्ने व्यक्ति एउटै देखिएको र निजको मिति २०६२।८।२४ मा मृत्यु भएको भनी मान्नपर्ने देखिन आयो । वादीले सो सम्बन्धमा अन्यथा जिकिर लिन सकेको नदेखिँदा वादीले पेस गरेको कपाली तमसुकको मिति स्व.नेवल यादवको मृत्यु भएको मिति २०६२।८।२४ भन्दा पछाडिको मिति २०६३।६।५ को देखिँदा उक्त तमसुकलाई समेत ठोस प्रमाणको रूपमा ग्रहण गर्न मिल्नेसमेत देखिन आएन । पुनरावेदक वादीले आफ्नो पुनरावेदनपत्रमा प्रतिवादीको वारिसले अ.बं.७८ नं. बमोजिम लिखत हेरी बयान गरेको लिखतलाई स्वीकार गरेको भन्ने दावी लिएतर्फ विचार गर्दा निजले स्वीकार गरेको नदेखी कपाली तमसुकमा लागेको ल्याप्चे छाप कस्को हो आफूलाई थाहा नभएको भनी उल्लेख गर्नुको अतिरिक्त स्वर्गीय नेवल यादवको अपुताली रामदेव यादवले नखाई हिरालाल यादवले निजको अपुताली हक खाने भएकाले आफूले दावीबाट फुर्सद पाउन जिकिर लिएको र मालपोत कार्यालय, सिरहाबाट मि.नं. ३४५।०६४।६५ मिति २०६५।३।२४ को निर्णयबाट नेवल यादव नाउँ दर्ता कायम रहेको चन्द्रअयोध्यापुर गा.वि.स. वडा नं. ८ (क) कि.नं. १८७ को क्षे.फ. ०-८-५ जग्गा निजको नातेदार हिरालाल यादवको नाममा ता.मि.नं. २०१४१ बाट नामसारी भएको देखिन आएको छ । मुलुकी ऐन, लेनदेन व्यवहारको महलको २२ नं. को व्यवस्था हेर्दा अपुताली नखानेलाई साहुले पक्रन हुँदैन । अपुताली खाएपछि साहु तिर्दिन भन्न पनि हुँदैन । जुन हिसाबको अंश अपुताली पाउँछ सोही हिसाबसँग साहु पनि तिर्नुपर्छ भन्ने उल्लेख भएको पाइन्छ । प्रत्यर्थी प्रतिवादी रामदेव यादवले नेवल यादवको अंश अपुताली खाएको मालपोत कार्यालय, सिरहाको स्रेस्ता प्रमाणबाट पनि देखिँदैन । नेवल यादवको अंश अपुताली खाने नजिकको नातेदार हिरालाल यादवलाई प्रतिवादी बनाई निज पुनरावेदकले मुद्दा दिएको पनि देखिएन । अंश अपुताली नखाने प्रत्यर्थी प्रतिवादी रामदेव यादवउपर दिएको मुद्दाबाट नेवल यादवको ऋण असुलउपर गरिपाउँ भनी यी प्रत्यर्थी प्रतिवादीउपर दिएको प्रस्तुत मुद्दा खारेज गर्नुपर्नेमा सुरू सिरहा जिल्ला अदालतले वादी दावीअनुसार साँवा ब्याजको बिगो भराउने गरेको मिति २०६६।९।३० को फैसलालाई उल्टी गरी वादी दावी नपुग्ने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।३।२५ गतेको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: जवाहरप्रसाद सिंह

इति संवत् २०७१ साल असार २६ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०६४-CI-०८४४, रैतान बदर तैनाथी कायम, *गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजारसमेत वि. शान्ति चित्रकारसमेत*

गुठी तैनाथी देखिने जग्गाको दर्तालगायतका स्वरूप परिवर्तन सार्वजनिक जग्गाको स्वरूप परिवर्तन र निजीमा दर्ता भएको स्वत: बदर र अवैध भएजस्तै स्वतः बदर र अवैध हुने हुँदा पुनरावेदन अदालतको उक्त निर्णयाधारसँग र उक्त बहस जिकिरसँग समेत सहमत हुन सकिएन । यसमा हकै नभएका विभिन्न व्यक्तिहरूले कृत्रिम मुद्दा सिर्जना गरी हक लिने छाड्ने गरी मिलापत्र गर्दैमा गुठी तैनाथी जग्गाबाट गुठीको हक जाने वा विपक्षीको हक सृष्टि हुने होइन भन्ने व्यहोराको पुनरावेदन जिकिरसँग सहमत हुन सकिने हुँदा कि.नं. ९८ को ०-०-२-१ जग्गा व्यक्तिका नाउँमा पहिले गुठी अधीनस्थ र पछि गुठी रैतान नम्बरी जग्गामा दर्ता भए गरेको बदर भै साविकबमोजिम श्री मच्छिन्द्रनाथ गुठी साँझ बिहान आरती गर्ने आरती घर गुठी तैनाथी जग्गा नै कायम हुने भनी गुठी संस्थान केन्द्रीय कार्यालयका प्रशासकको मिति २०५८।१२।१ को निर्णय उल्टी गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६४।६।१३ को फैसला मिलेको नदेखिँदा उल्टी भै गुठी संस्थान केन्द्रीय कार्यालयका प्रशासकबाट मिति २०५८।१२।१ मा भएको निर्णय नै कायम हुने।

इजलास अधिकृत: रामप्रसाद भट्टराई
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७१ साल भदौ १५ गते रोज १ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०१५८, उत्प्रेषण, *रामकृष्ण भन्ने प्रेम श्रेष्ठ वि. जगतगोविन्द श्रेष्ठ*

कुनै पनि फैसलाले सबुद प्रमाण बुझी हेरी मुद्दामा निरूपण गर्नुपर्ने यावत विषयको सम्बोधन गरेको अनुमान गर्नुपर्ने हुँदा सर्वोच्च अदालतबाट भएको मिति २०६८।३।६ को फैसलाले ती प्रश्नमा समेत विचार गरी ४ अंशियारको जम्मा ८ अंश भाग कायम गरेको मान्नुपर्ने हुन्छ । सर्वोच्च अदालतबाट फैसला हुनुभन्दा ३२ वर्ष पहिले भएको छोडपत्रलाई उक्त फैसलाले नसमेटी स्व. रामभक्त र विष्णुभक्तको हकवालाहरूलाई दोहोरो अंश दिलाएको भन्ने अर्थ गरी सर्वोच्च अदालतको मिति २०६८।३।६ को फैसलालाई निरर्थक गर्न मिल्ने देखिँदैन। यसरी निवेदकले रिट निवेदनमा उठाएको अंश छोडपत्रको प्रश्न मिति २०६८।३।६ मा सर्वोच्च अदालतबाट फैसला

हुँदा नै उठिसकेकाले सोही प्रश्नमा यस इजलासले पुन: प्रवेश गरी निरूपण गर्न मिल्नेसमेत नदेखिँदा विपक्षीहरूसँग कारण देखाउ आदेश माग्नुपरेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल भदौ ३१ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०१७१, उत्प्रेषण, *गोपीराम बन्जारा वि. जिल्ला प्रहरी कार्यालय, मकवानपुर हेटौंडासमेत*

प्रस्तुत विषयमा ठगी र कीर्तेको कसुर भएको हो होइन, भएको भए विपक्षीहरूबाट भएको हो वा निवेदकबाट भएको हो जस्ता कुरा तथ्य प्रमाणको आधारमा सम्बन्धित अदालतले सम्बन्धित मुद्दामा बोल्ने विषय भएको र त्यसरी बोलेको कुरामा पुनरावेदन अदालतबाट पुन: परीक्षण हुने अवस्था रहेको समेतको माथि उल्लिखित आधार कारणबाट विवादवस्तुको अनुसन्धान कुण्ठित हुने सही न्याय सम्पादन प्रभावित हुने गरी निवेदकले यो निवेदन दर्ता गरेकोलाई राम्रो कार्य मान्न सकिँदैन । निवेदकको मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुने अवस्था प्रथमदृष्टिमा विद्यमान रहेको नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ माग गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल भदौ ३१ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०७१-WO-०२००, उत्प्रेषण, *रिया चौधरीको हकमा संरक्षक भई आफ्नो हकमा समेत गीता चौधरी वि. सुनिल थापासमेत*

फैसलाले बिगो र क्षतिपूर्ति तिर्नुपर्ने भनी तोकेको दायित्वलाई पछि दायर भएको प्रस्तुत अंश मुद्दाको अधीनस्थ बनाउनु न्यायसम्मत् हुँदैन । जसरी घरका मुख्य व्यक्तिको आर्जन र निजको नाम दर्ताको सम्पत्तिमा सगोलका सबै अंशियारको अंश हक लाग्ने अवस्था रहन्छ त्यसैगरी कानूनबमोजिम निजले व्यहोर्नुपर्ने दायित्वको हकमा सगोलको सम्पत्तिबाट व्यहोर्नुपर्ने अवस्था हुन्छ । सो दायित्व रहन्न भन्नु न्यायोचित हुँदैन । सगोलका अरू अंशियारलाई अंशहकबाट वञ्चित गर्ने दुराशयकासाथ घरको मुख्यले कामकारवाही गरेको नपाइएसम्म निजबाट हुने लाभजतिमा अरू अंशियारले दावी गर्ने तर मर्कापर्ने कुरामा दायित्वबाट उन्मुक्तिको माग गर्ने कार्यलाई उचित मान्न नसकिने ।

विवादित जग्गाहरू लिलाम हुँदा त्यसको उचित मूल्य कायम हुनु आवश्यक हुन्छ । त्यस कुरामा निवेदिकासमेतले तदारूखता देखाई अधिकतम् मूल्य आउने गरी बिगोले खामेसम्मको जग्गा लिलाम भएको अवस्थामा निवेदिकालगायत कसैले पनि त्यसमा आपत्ति गर्ने ठाउँ हुँदैन । सोभन्दा अगावै यो कित्ता यतिमा लिलाम हुने भनी यस अदालतले अजमायसी गणना गरी प्रस्तुत विषयमा हात हाल्नु रिट क्षेत्राधिकारअनुकूल

हुँदैन । निवेदिकाले रिट निवेदनमा लिनुभएको जिकिर लिई सुरू जिल्ला अदालत र पुनरावेदन अदालतमा समेत अ.बं. १७ नं. को उपचार अवलम्बन गरी निवेदन दिनु भएकी त्यसमा निवेदन दावीका जग्गाहरूका सम्बन्धमा ती अदालतहरूबाट परीक्षण भै कानूनबमोजिम गर्नु भन्ने आदेश भैसकेको देखिन्छ । यसरी तहतह निरूपण भैसकेको प्रस्तुत कामकारवाहीलाई केलाई केलाई हेरी रिट क्षेत्रबाट परीक्षण गर्नु उपयुक्त नभएको र उल्लिखित कामकारवाहीमा कानूनी त्रूटिसमेत नपाइएकाले विपक्षीहरूबाट लिखित जवाफ माग गर्नुपरेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल असोज २३ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०२३७, उत्प्रेषण, *भीमादेवी गिरी वि. सिर्जना गिरीसमेत*

प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था रहेको विषयवस्तुमा रिटक्षेत्र आकर्षित नहुने।

रिट अधिकारक्षेत्रले साधारण अधिकारक्षेत्रलाई स्थानापन्न गरी आफैँ साधारण अधिकारक्षेत्र ग्रहण गरी विषयवस्तुको निरूपण नगर्ने।

रिट आदेशबाट विचाराधीन मुद्दाको कामकारवाही प्रभावित हुने अवस्था हुने हुँदा संवैधानिक र सैद्धान्तिक आधारहरूले गर्दा निवेदिकाको रिट निवेदन ग्रहणयोग्य देखिन नआएकोले विपक्षीहरूसँग लिखितजवाफ माग गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल असोज २३ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-WO-०७२८, उत्प्रेषण/परमादेश, *शुभा राई वि अयुद्धबहादुर राईसमेत*

न्यायमूर्तिहरू निष्पक्ष, इमान्दार र न्यायमा प्रतिबद्ध रहने पदाधिकारी भएको कुरालाई यस अदालतले मात्र नभई पूरा विश्वको न्याय व्यवस्थाले स्वीकार गरेको हुँदा उक्त कुरालाई सहजै अन्यथा मानी न्यायमूर्तिको चारित्रिक समग्रतामा हल्का तवरले औंला उठाउनु आपत्तिजनकसमेत देखिने।

सर्वोच्च अदालत संयुक्त इजलास र नेपालको मूल कानूनको रूपमा रहेको अन्तरिम संविधान, २०६३ को धारा १०७(४) र सो अन्तर्गत बनेका उल्लिखित ऐन नियमबमोजिम पुनरावेदन अदालत, पाटनको मिति २०६६।१२।१९ को फैसलालाई सर्वोच्च अदालतको मिति २०६९।५।२० को फैसलाले परीक्षण गरेको र सर्वोच्च अदालतको उक्त फैसलालाई माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठको अध्यक्षतामा गठित पूर्ण इजलासले परीक्षण गरिसकेको कुरामा सोभन्दा मुनिको यस अदालतको एक न्यायाधीशको इजलासले विवाद

खडा गर्नु न्यायिक क्षेत्राधिकारको हिसाबले समेत मिल्ने देखिँदैन । उक्त कुराहरूमा निवेदिकाले सर्वोच्च अदालत नियमावलीलगायतका ऐन, नियम र न्यायिक नियमावली सिद्धान्तले व्यवस्था गरेको देखेमा सोबमोजिम बृहत् पूर्ण इजलासबाट उपचार पाउने मार्ग पहिचान गरी निवेदन दिनुपर्नेमा रिट निवेदन दिएको नमिलेको र यस्तो रिटबाट सर्वोच्च अदालतको अन्तिम आदेश वा फैसलाको परीक्षण नहुने भन्ने सम्बन्धमा यस अदालतबाट प्रशस्त सिद्धान्तसमेत प्रतिपादन भैसकेकोले प्रस्तुत विषयमा विपक्षीहरूबाट लिखित जवाफ मागिरहनु परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

इति संवत् २०७१ साल असोज ५ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०७०-WO-०७२७, उत्प्रेषण/परमादेश, *शुभा राई वि. अयुद्धबहादुर राईसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-RE-०२०५, बैङ्किङ कसुर, *हरिबाबु जोशीसमेत वि. नेपाल सरकार*

यसमा निवेदक प्रतिवादी हरिबाबु जोशी कसुर गरेकोमा इन्कार भै बयान गरेको, निज प्रतिवादी उक्त ऋण प्रवाहमा प्रत्यक्ष संलग्न रहेको देखिने वस्तुनिष्ठ आधार र प्रमाण नरहेको भए पनि निज प्रतिवादीलाई मूल ऋणी प्रतिवादी हर्के भन्ने खड्गबहादुर खत्रीले पोल गरेको देखिँदा अहिले नै कसुरदार होइन भन्न सकिने स्थिति नदेखिँदा निज प्रतिवादीबाट अ.बं. ११८ को देहाय ५ र १० नं. बमोजिम रू.४,००,०००।– (अक्षरूपी चार लाख) नगद वा जेथा जमानत दिए लिई मुद्दा पुर्पक्षको निम्ति तारिखमा राखी कारवाही गर्नू ।

अर्का प्रतिवादी खुमबहादुर हिरासिंह राणा क्षेत्रीले आफू कसुरमा इन्कारी भै बयान गरेको, कमसल धितो राखी ऋण प्रवाह नगरेको, ऋण प्रवाह असल नियतले नै गरेको भनी बयान गरेको, अरू सबै प्रतिवादी तारिखमा रहेको समेतका आधारबाट निज प्रतिवादीबाट पनि मुद्दा पुर्पक्षका निम्ति रू.५,००,०००।– (अक्षरेपी पाँच लाख) नगद वा जेथा जमानत दिए लिई तारिखमा राखी कारवाही गर्नू ।

निज प्रतिवादीहरू हरिबाबु जोशी र खुमबहादुर हिरासिंह राणा क्षेत्रीलाई मुद्दा पुर्पक्षको निम्ति थुनामा राख्ने गरेको त्यस अदालतको मिति २०७०।१०।१३ को आदेश उपरोक्त आधारबाट बेरीतको देखिँदा बदर हुने ।

इति संवत् २०७१ साल पुस २ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-RE-०२०६, बैङ्किङ कसुर, *खुमबहादुर हिरासिंह राणाक्षेत्री वि. नेपाल सरकार*

प्रतिवादी खुमबहादुर हिरासिंह राणा क्षेत्रीले आफू कसुरमा इन्कारी भै बयान गरेको, कमसल धितो राखी ऋण प्रवाह नगरेको, ऋण प्रवाह असल नियतले नै गरेको भनी बयान गरेको, अरू सबै प्रतिवादी तारिखमा रहेको समेतका आधारबाट निज प्रतिवादीलाई मुद्दा पुर्पक्षका निम्ति रू.१५,००,०००।- (अक्षरेपी पन्ध्र लाख) नगद वा जेथा जमानत दिए लिई तारिखमा राखी कारवाही गर्नू।

निज प्रतिवादी खुमबहादुर हिरासिंह राणा क्षेत्रीलाई मुद्दा पुर्पक्षको निम्ति थुनामा राख्ने गरेको त्यस अदालतको मिति २०७०।१०।१५ को आदेश उपरोक्त आधारबाट बेरीतको देखिँदा बदर हुने।

इति संवत् २०७१ साल पुस २ गते रोज ४ शुभम्।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०४५५, उत्प्रेषण/परमादेश, *मुलुक चन्द राजवंशी वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

निवेदकलाई मिति २०७०।७।१० को निर्णयबाट अधिकृत छैठौं तहबाट अधिकृत सातौं तहमा स्तर वृद्धि भएको निवेदन संलग्न पत्रको प्रतिलिपिबाट देखिएको र निजलाई मिति २०७१।८।२५ मा मिति २०७०।७।२८ को निर्णय अनुसार भनी जिल्ला जनस्वास्थ्य कार्यालय, मोरङबाट जिल्ला स्वास्थ्य कार्यालय, इलाममा सरूवा गर्दा अधिकृत छैठौं तह भनी सरूवा गरेको सो भन्दा अघि निवेदकलाई सोही इलाम जिल्लाबाट मोरङमा सरूवा गरेको मिति २०६६।१२।३० को पत्रबाट देखिएकोमा पुनः सोही ठाउँमा सोही पदमा सरूवा गर्नु नियमत नमिल्ने साथै सो ठाउँमा सरूवा गर्नुपर्ने आधार र कारणसमेत सरूवा गर्दाको निर्णयमा खोलिएको समेत नहुँदा उक्त सरूवाको कारवाही यो निवेदनको टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनु यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालतको नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७१ साल पुस ६ गते रोज १ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति